कक्षा 9

# (पाठ-१) (सहरीकरणको अवधारणा)

Century Page: Date:

अभ्यास

१) तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सहरको परिभाषा दिनुहोस्।

→ सहर भनेको जनसंख्या बढी भएको, भौतिक पूर्वाधार विकास भएको र विभिन्न आर्थिक, सामाजिक तथा प्रशासनिक गतिविधि सञ्चालन हुने स्थानलाई भनिन्छ।

(ख.) सहरीकरणका विशेषताहरू उल्लेख गर्नुहोस्।

→ सहरीकरणका विशेषताहरू :

- जनसंख्या वृद्धि
- भौतिक पूर्वाधारको विकास
- आधुनिक जीवनशैली
- उच्च आर्थिक क्रियाकलाप
- आन्तरिक बसाइँसराइ (गाउँबाट सहरतर्फ मानिसहरूको स्थानान्तरण बढ्नु)

ग.) विश्वव्यापी सहरीकरणको प्रवृत्तिलाई व्याख्या गर्नुहोस्।

→ प्राचीन सहरहरू मानव सभ्यतासँगै विकास हुँदै गएको पाइन्छ। टर्कीको मध्य दक्षिणमा रहेका जेरिको र क्याटल हुयुक प्रोटो-सहर लगभग ६००० ई. पू. तिर देखापरेका थिए जुन मेसोपोटामियाको सभ्यता भन्दा पुरानो मानिन्छ। मेसोपोटामिया, इजिप्ट, चीनका प्राचीन सहरहरू जलीय कृषि अर्थव्यवस्थामा ~~आधारित~~ आधारित थिए। यी सहरहरू खाद्य उत्पादन र बचत, धार्मिक र राज्यका केन्द्रहरू थिए। प्राचीन सहरहरू मन्दिर र चर्च जस्ता धार्मिक स्थलको वरिपरि बसेका हुन्थे जसले सभ्यता, इतिहास र संस्कृतिलाई संयोजन गरेका हुन्थे। यसको साथै व्यापार, हस्तकला उत्पादन र सेवामूलक क्षेत्रहरूको विकासले श्रम विभाजन हुँदै गयो। समाज कृषि र गैरकृषि समाजमा विभाजन भयो। यसमा गैरकृषि, व्यवसाय केन्द्रहरू बिस्तारै सहरको रूप परिणत हुँदै गएको पाइन्छ।

अठारौं शताब्दीको अन्त्यतिर औद्योगिक क्रान्तिले आधुनिक सहरको जग बसालेको थियो। यस क्रान्तिले श्रम विभाजन, बजारीकरण, गैरकृषि व्यवसायको उन्नति, यातायातको साधनहरूको विकास जस्ता परिवर्तन भए। यसरी सहरी

CamScanner

जीवनले ग्रामीण क्षेत्रका मानिसलाई आकर्षण गर्दा आधुनिक सहरको विकासमा देखा पुगेको पाइन्छ।

सन् १९८० पछि उत्पादन प्रक्रियामा नवीन प्रविधिको प्रयोग र बहुराष्ट्रिय कम्पनीको लगानी, उत्पादन र बजारीकरणले नयाँ नयाँ ठाउँमा सहरीकरण दरले तीव्रता पाउँदै गएको छ। यो प्रक्रियाले सारा विश्वलाई नै एउटा गाउँ जस्तै बनाएको छ। विश्व सहरीकरणलाई व्यवस्थित बनाउने उद्देश्यले अक्टोबर ३१ को दिनलाई संयुक्त राष्ट्रसङ्घले विश्व सहरीकरण दिवस मनाउँदै आएको छ।

छ.) कम विकसित देशहरूमा सहरीकरण तीव्र रूपले (चाँडो) हुने कारणहरू के के हुन्? प्रस्तुत गर्नुहोस्।

→ कम विकसित देशहरूमा सहरीकरण तीव्र रूपले हुने कारणहरू:

१) उद्योगीकरण र रोजगारीको आकर्षण
२) शिक्षा र स्वास्थ्य सेवाको पहुँच
३) यातायात र सञ्चार सुविधाको विकास
४) केन्द्रिय सेवा सुविधाको उपलब्धता
५) उच्च आर्थिक क्रियाकलाप

## २ नेपालमा सहरीकरण

१.) नेपालको सहरीकरणका मापदण्डको सूची बनाउनुहोस्।

→ नेपालमा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सहरी जनसङ्ख्याको मापदण्ड:
- हिमाली जिल्लाको हिमाली क्षेत्रमा १० हजार
- हिमाली जिल्लाको पहाडी क्षेत्र र पहाडमा ४० हजार
- भित्री मधेसमा ५० हजार
- तराईमा ७५ हजार
- काठमाडौं उपत्यकामा १ लाख।

→ महानगरपालिका बन्नका लागी मापदण्ड:
- कम्तीमा पाँच लाख स्थायी बासिन्दा भएको
- पछिल्लो पाँच वर्षको औषत वार्षिक आन्तरिक आय एक अर्ब रुपैयाँ भएको
- विशिष्टसहितको कम्तीमा ५०० सैयाको अस्पताल
- आधारभूत सहरी ~~सुवि~~ सुविधाका २१ ओटा सूचक पुरा भएको

उपमहानगरपालिका बन्नका लागि मापदण्ड:
→ कम्तीमा दुई लाख स्थायी बासिन्दा भएको
- कम्तीमा १०० सैयाको अस्पताल (१०० वटा bed भएको अस्पताल)
- आधारभूत सहरी सुविधाका १५ ओटा सूचक पुरा भएको

नगरपालिका बन्नका लागि मापदण्ड:
→ हिमाली जिल्लाको हिमाली क्षेत्रमा १० हजार जनसंख्या भएको
- हिमाली जिल्लाको पहाडी क्षेत्रमा ४० हजार जनसंख्या भएको
- सडक, विद्युत, खानेपानी, सञ्चार र अन्य आधारभूत सहरी सुविधा भएको।

"स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानबमोजिम को ऐनको परिच्छेद २(२) मा नगरपालिकाको संख्या वा सिमाना जनसङ्ख्या, भूगोल, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक साधनस्रोतको उपलब्धता, प्राविधिक, सांस्कृतिक र सामुदायिक बनोटका आधारमा हुने व्यवस्था गरेको छ।

ख.) नेपालमा सहरीकरण प्रवृत्तिको उल्लेख गर्नुहोस्।

→ नेपालमा प्राचीन समयदेखि नै सहरको विकास भएको पाइन्छ। प्राचीन सहरहरू मूलतः कृषि अर्थतन्त्र, उद्योग र प्रशासनिक केन्द्रहरूका रूपमा विकास भएको पाइन्छ। यी केन्द्रहरूले आसपासका बस्तीहरूलाई सेवा प्रदान गर्दा क्रमशः सहरीकरण हुँदै गएको देखिन्छ। सन् १९५२-५४ मा नेपालको २.९ प्रतिशत सहरी जनसङ्ख्या रहेको थियो भने यो संख्या सन् १९७१ मा ४.१, सन् ~~एक~~ १९९१ मा ९.२ प्रतिशत सहरी जनसंख्या रहेको थियो। नेपालमा नगरपालिकाको सङ्ख्या बढेसँगै सहरी जनसङ्ख्या पनि वृद्धि भइरहेको देखिन्छ। सन् १९५२/५४ मा १० ओटा नगरपालिका रहेकामा २०१७ मा २९३ ओटा पुगेको छ। नेपालको सन् २०१४ मा सहरी जनसङ्ख्या ३८.२ प्रतिशत रहेको थियो। राज्य पुनर्संरचनापछि नगरपालिकाको सङ्ख्या बढेसँगै ~~प्रहर~~ सहरी जनसङ्ख्या ६२.२ पुगेको छ। नेपालमा औषत वार्षिक सहरी वृद्धि दर ३.४३ प्रतिशत रहेको

छ। भने सन् १९७१ मा उच्च दर (७.५५ प्रतिशत) देखिन्छ।

ग) यातायातको पूर्वाधार विकासले सहरीकरणमा ल्याएको परिवर्तनको सङ्क्षिप्त टिप्पणी गर्नुहोस्।

→ ~~[illegible]~~ यातायातको पूर्वाधार विकासले सहरीकरणमा ल्याएको परिवर्तन :

क) सहर विस्तारमा मद्दत

ख) रोजगारीको अवसर वृद्धि

ग) व्यापार-व्यवसाय विस्तार

घ) ~~[illegible]~~ गाउँ सहरबीच आवत-जावत सजिलो भई बसाइँसराइ बढ्छ।

## 3 गाउँ सहर सम्बन्ध

अभ्यास

१) गाउँ सहर सम्बन्धको अवधारणा उदाहरणसहित स्पष्ट पार्नुहोस्।

→ गाउँ र सहर एक-अर्कामा निर्भर रहने सम्बन्धलाई गाउँ-सहर सम्बन्ध भनिन्छ। गाउँले सहरलाई कृषि उत्पादन, कच्चा पदार्थ र श्रमशक्ति उपलब्ध गराउँछ भने सहरले गाउँलाई बजार, सेवा, प्रविधि, शिक्षा र स्वास्थ्य सुविधा प्रदान गर्छ। यसरी दुवै क्षेत्रबीच वस्तु, सेवा, पुँजी र जनशक्तिको आदान-प्रदान हुन्छ।

उदाहरण: - गाउँका किसानले उत्पादन गरेको तरकारी र अन्न सहरको बजारमा बिक्री हुन्छ।

- गाउँका विद्यार्थी उच्च शिक्षा अध्ययन गर्न सहरका कलेजमा जान्छन्।
- सहरका उद्योगमा काम गर्न गाउँका मानिसहरू जान्छन्।

२) गाउँ सहर सम्बन्धका आयामहरूको सङ्क्षिप्त चर्चा गर्नुहोस्।

→ गाउँ-सहर सम्बन्धका आयामहरू:-

१) आर्थिक आयाम - गाउँले कृषि उत्पादन र कच्चा पदार्थ सहरमा आपूर्ति गर्छ भने सहरले बजार, उद्योग र सेवा सुविधा प्रदान गर्छ।

२) सामाजिक आयाम - शिक्षा, स्वास्थ्य, रोजगारी र बसाइँसराइका कारण गाउँ-सहरबीच सामाजिक सम्बन्ध मजबुत हुन्छ।

३) सांस्कृतिक आयाम - गाउँका परम्परा, संस्कृति र चाडपर्व सहरमा फैलिन्छन् भने सहरका नयाँ सोच र जीवनशैली गाउँमा प्रवेश गर्छन्।

४) प्राविधिक आयाम - सहरबाट प्रविधि, सूचना र सीप गाउँमा पुग्छ, जसले उत्पादन र जीवनस्तर सुधार गर्छ।

५) राजनीतिक/प्रशासनिक आयाम - स्थानीय सरकार र प्रशासनिक सेवा सहरमा केन्द्रित हुँदा गाउँले त्यसबाट सेवा प्राप्त गर्छ।

यसरी गाउँ-सहर सम्बन्ध बहुआयामिक र ~~पर~~ परस्पर निर्भर हुन्छ।

३) पृष्ठप्रदेशले गाउँ सहर अन्तरसम्बन्धमा कसरी भूमिका खेल्छ, उल्लेख गर्नुहोस्।

→ सहरी केन्द्रको वरिपरिको क्षेत्रलाई पृष्ठप्रदेश भनिन्छ। यो क्षेत्रले सहरी केन्द्रमा आवश्यक हुने खाद्यान्न, कच्चा पदार्थ, श्रम आदि उपलब्ध गराउँछ। यसको साथै पृष्ठप्रदेशमा सहरी केन्द्रले वस्तु तथा सेवा वितरण गर्छ। ~~गाउँ सहरको परस्पर सम्बन्धलाई स्रोत साधनको उपलब्धता, उत्पादन प्रक्रिया र दुरीले~~ पृष्ठप्रदेशले गाउँ-सहरबीचको सम्बन्धमा महत्त्वपूर्ण भूमिका खेल्छ।

१) सडक र यातायात नेटवर्कको सुविधा: पृष्ठप्रदेशको भौगोलिक अवस्था राम्रो भएमा गाउँ-सहरबीच आवत-जावत सजिलो हुन्छ।

२) पृष्ठप्रदेशले सांस्कृतिक र सामाजिक आदान-प्रदानमा सहजता प्रदान गर्छ।

३) पृष्ठप्रदेशले उद्योग, बजार र रोजगारीका अवसर सिर्जना गर्ने आधार तयार पार्छ, जसले गाउँ-सहर सम्बन्ध बलियो बनाउँछ।

४) पृष्ठप्रदेशमा उर्वर जमिन र प्राकृतिक स्रोत भएमा सहरलाई कृषि उत्पादन आपूर्ति गर्न सहयोग पुग्छ।

४) गाउँ सहर सम्बन्धका प्रक्रियाहरूको उदाहरणसहित वर्णन गर्नुहोस्।

→ गाउँ सहर सम्बन्धका प्रक्रियाहरू:-

क) मानिसहरूको प्रवाह: बसाइँसराइ प्रायः गाउँबाट सहरतर्फ हुने गर्छ। गाउँमा बसोबास गर्ने मानिसहरू रोजगारी र सेवा सुविधाका लागि सहरमा बसाइँसराइ गर्छन्। सहरमा काम गर्न आउने कामदारले गाउँमा बस्ने परिवारलाई विप्रेषण पठाउँछन्, जसले जीविकोपार्जन शैलीमा परिवर्तन ल्याउन मद्दत गर्छ।

ख) सामानको आदानप्रदान: सहर र गाउँबिच सामानको आदानप्रदान एक अनिवार्य

CamScanner

कार्य हो। गाउँबाट स्थानीय उत्पादन (खाद्यान्न, तरकारी, दुध) कच्चापदार्थ, श्रम शक्ति र सहरबाट दैनिक आवश्यकीय वस्तुहरू जस्तै : लत्ताकपडा, मरमसला, कृषि उपकरण आदिको आदान प्रदान गर्छन्।

ग) बजार केन्द्रको भूमिका : गाउँको जीविकोपार्जन शैलीमा सुधार ल्याउन कृषि उत्पादन र उद्योग तथा सेवाहरूबिच अन्तरसम्बन्ध कायम गर्नुपर्दछ। यो अन्तरसम्बन्ध कायम गर्न बजार केन्द्र र गाउँ दुवैको उत्तिकै भूमिका हुन्छ। सहरी क्षेत्रले गैरकृषि क्षेत्रको प्रवर्धन गर्न मदत गर्छ जसले कृषि उत्पादन, बजारीकरण र प्रशोधनलाई (मूल्य शृङ्खलाको) रूपमा प्रयोग गर्छ। [illegible]

घ) जीविकोपार्जनमा विविधीकरण : ग्रामीण क्षेत्रमा कृषिको उत्पादन परिवर्तनले रोजगारी र आम्दानी बढाउँछ। यसले कृषि, उपज मल, बिउ, औषधी र दैनिक उपभोग्य वस्तुहरूको माग बढाउँछ। साना तथा मझौला उद्योग, ग्रामीण पर्यटन आदिले ग्रामीण क्षेत्रको मूल्य शृङ्खलामा परिवर्तन ल्याउँछ। यसले गैरकृषि व्यवसाय गर्दै ठुला सहर र ग्रामीण क्षेत्रबिच सामानको आदानप्रदान गर्छन्। यसले रोजगारी विविधीकरणको अवसर सिर्जना गर्छ।

५) गाउँ सहर सम्बन्धले जीविकोपार्जन शैलीमा ल्याउने सकारात्मक र नकारात्मक परिवर्तनमा छोटो टिप्पणी लेख्नुहोस्।

→ गाउँ सहर सम्बन्धले जीविकोपार्जन शैलीमा ल्याउने सकारात्मक परिवर्तन :-
- सहरबाट उद्योग, व्यापार गाउँमा फैलिनु,
- सहयोगले जीवनस्तर सुधार हुने,
- गाउँले उत्पादन सजिलै सहरमा बिक्री गर्न पाउने जसका कारण आम्दानी बढ्छ।
- गाउँका मानिसहरू रोजगारीको सिलसिलामा सहर जाँदछन्।

→ गाउँ सहर सम्बन्धले जीविकोपार्जन शैलीमा ल्याउने नकारात्मक परिवर्तन :-
- शहरतर्फ बसाइँसराइ बढ्दा गाउँमा श्रमशक्ति कमी हुने,
- शहरतर्फ बसाइँसराइ बढ्दा गाउँमा रहेको स्रोतसाधनको परिचालन नहुने।

# ④ (नेपालमा सहरीकरणका अवसर र चुनौती)

क) नेपालमा सहरीकरणले ल्याएका अवसरहरूलाई उल्लेख गर्नुहोस्।

→ नेपालमा सहरीकरणले ल्याएका अवसरहरू :
- रोजगारी र व्यवसायिक अवसर
- शिक्षा र तालिममा सुविधा
- पूर्वाधार सुविधा
- प्रविधि र नवप्रवर्तनको अवसर
- स्वास्थ्य सेवामा पहुँच

ख) नेपालमा सहरीकरणका प्रमुख चुनौतीहरूको सूची तयार गर्नुहोस्।

→ नेपालमा सहरीकरणका प्रमुख चुनौतीहरू :-
1. संस्कृति लोप हुँदै जान्छ
2. न्यून सेवा र सुविधा
3. ट्राफिक व्यवस्थापनमा चुनौती
4. अव्यवस्थित बसोबास
5. वातावरण प्रदूषण

ग) सन्तुलित सहरी वातावरण निर्माणमा हरियालीपार्कको महत्त्वमाथि प्रकाश पार्नुहोस्।

→ सन्तुलित सहरी वातावरण निर्माणमा हरियालीपार्कको आवश्यकता हुन्छ। सहरीकरणको बढ्दो दरले शहरमा प्रदूषण, ध्वनि, तापक्रम वृद्धि र जीवनस्तरमा असन्तुलन निम्त्याउँछ। यस्तो अवस्थामा हरियाली पार्कले सहरका लागि जीवनदायिनी तत्त्वका रूपमा काम गर्छ। हरियाली पार्कका रुख, बोटबिरुवाले हावा शुद्ध गर्ने काम गर्छन् जसका कारण प्रदूषण नियन्त्रण हुन्छ। हरियाली पार्कले मानिसको मानसिक स्वास्थ्य सुधार गर्न सहयोग पुर्‍याउँछ। पार्कमा समय बिताउँदा तनाव कम हुन्छ, ध्यान केन्द्रित गर्न सजिलो हुन्छ। हरियाली पार्कले सहरभित्र पक्षी, किरा, साना जनावरहरूको बसोबास प्रदान गर्छ। यसले जैविक विविधता कायम राख्न मदत पुर्‍याउँछ। पार्कले सामाजिक अन्तरक्रिया बढाउँछ र आन्तरिक पर्यटक वृद्धि गराउँछ।

घ) स्मार्ट सिटीको अवधारणा र महत्त्वको चर्चा गर्नुहोस्।

→ स्मार्ट सिटी भन्नाले यस्तो शहरलाई जनाउँछ जहाँ सूचना प्रविधि र डिजिटल प्रविधिहरूको प्रयोग गरी यातायात, ऊर्जा, स्वास्थ्य सुरक्षा जस्ता सेवाहरूको दिगो र प्रभावकारी विकास हुन्छ।

स्मार्ट सिटीले सहरलाई दिगो, सुरक्षित र सुविधाजनक र व्यवस्थित बनाउने महत्व राख्दछ। यसको मुख्य लाभहरु यस प्रकार छन्:

१) जीवनस्तर सुधार: स्मार्ट सिटीले यातायात, ऊर्जा, स्वास्थ्य, शिक्षा र सार्वजनिक सेवा जस्ता क्षेत्रमा सुविधा र गुणस्तर सुधार गर्छ। यसले नागरिकको दैनिक जीवन सरल र सहज बनाउँछ।

२) दिगो विकास र स्रोत व्यवस्थापन: स्मार्ट सिटीमा डिजिटल प्रविधिको प्रयोगले पानी, बिजुली, फोहर र वातावरणको दिगो उपयोग सुनिश्चित गर्छ। यसले प्रदुषण घटाउँछ र स्रोतको बचत गर्छ।

३) सुरक्षा र आपत्कालीन व्यवस्थापन: स्मार्ट सिटीमा सिसिटिभी, डिजिटल निगरानी र आपत्कालीन सूचना प्रणालीले नागरिकको सुरक्षा र आपत्कालीन व्यवस्थापनमा सहयोग पुर्याउँछ।

४) आर्थिक विकास: प्रविधि र स्मार्ट व्यवस्थापनले उद्योग, सेवा क्षेत्र, पर्यटनमा अवसर बढाउँछ, जसले शहरको आर्थिक विकासमा योगदान पुर्याउँछ।

५) स्मार्ट यातायात: सवारी व्यवस्थापन प्रणाली र डिजिटल ट्राफिक नियन्त्रणले जाम कम गर्ने, सुरक्षित यात्रा सुनिश्चित गर्ने काम गर्छ।

## ५ बसाइँसराइ

# अभ्यास

क) बसाइँसराइको अवधारणा स्पष्ट पार्नुहोस् र यसको वर्गीकरणलाई चार्टमा देखाउनुहोस्।

→ बसाइँसराइको अवधारणा:

क) बसाइँसराइको धार: कुनै एक निश्चित समयावधिमा बसोबासका लागि एक क्षेत्रबाट अर्को क्षेत्रमा हुने प्रवाहलाई बसाइँसराइको धार भनिन्छ। बसाइँसराइको धार उत्पत्ति स्थानबाट गन्तव्यतर्फ हुने समय पहाडबाट तराई क्षेत्रमा हुने बसाइँसराइलाई नेपालको बसाइँसराइको धारको उदाहरण मान्न सकिन्छ।

ख) बसाइँसराइको अन्तराल: बसाइँसराइ निरन्तर हुने एक प्रक्रिया हो। बसाइसराइको अन्तराल भन्नाले सर्ने समयको अवधि हो।

ग) उत्पत्ति र गन्तव्यको स्थान: बसाइँ सर्ने व्यक्तिको उद्गमस्थल र गन्तव्यस्थल हुन्छ। बसाइँ सर्नेको प्रवाह हुने स्रोतलाई उद्गमस्थल र बसाइँ सर्नेको प्रवाह रोकिने ठाउँलाई गन्तव्यस्थल भनिन्छ।

→ बसाइँसराइको वर्गीकरण:

| वर्गीकरण | परिभाषा / उदाहरण |
|---|---|
| १) आन्तरिक बसाइँसराइ | - एउटै देशभित्र सर्ने प्रक्रिया। उदाहरण: गाउँबाट सहरमा सर्नु। |
| २) अन्तर्राष्ट्रिय बसाइँसराइ | - देश-देश सर्ने प्रक्रिया। उदाहरण: नेपालबाट भारत वा अमेरिका सर्नु |
| ३) स्वैच्छिक बसाइसराइ | - आफ्नो इच्छा अनुसार सर्नु। उदाहरण: रोजगारी वा पढाइको लागि सर्नु। |
| ४) बाध्यकारी बसाइसराइ | - बाध्यताका कारण सर्नु। उदाहरण: युद्ध, प्राकृतिक विपत्ति, जातीय दमन। |
| ५) स्थायी / दिर्घकालीन | - स्थायी रूपमा नयाँ ठाउँमा बसोबास गर्नु। |
| ६) अस्थायी बसाइसराइ | - केही समयको लागि सर्नु। |

ख) आन्तरिक बसाइँसराइ भनेको के हो र यसको प्रमुख धारको सूची बनाउनुहोस्।

→ आफ्नै देशको भौगोलिक सिमानाभित्र हुने बसाइँसराइलाई आन्तरिक बसाइसराइ भनिन्छ। आन्तरिक बसाइँसराइका प्रमुख धारहरु:

१) गाउँबाट सहरतर्फ ३) सहरबाट सहर
२) सहरबाट गाउँतर्फ ४) गाउँबाट गाउँ

ग) बसाइँसराइका विशेषता उल्लेख गर्नुहोस्।

→ बसाइँसराइका विशेषताहरु: (स्थान परिवर्तन, जनसंख्या र समाजमा प्रभाव)

१) बसाइँसराइ उमेर, लिङ्ग आदिसँग सम्बन्धित हुन्छ। विश्वव्यापी रूपमा ७० प्रतिशत बसाइँ सर्ने मानिसहरु २० देखि ६४ वर्ष उमेर समूहका रहेका छन्। बसाइँ सर्नेमा पुरुषको बाहुल्य रहेको छ।

२) गाउँबाट सहरतर्फ हुने बसाइँसराइमा प्रायः युवा र वयस्कहरुको बाहुल्य हुन्छ।

३) बसाइँसराइलाई आर्थिक, सामाजिक पक्षहरूले प्रभाव पार्छ। सामान्यतया: युवाहरु बढी गतिशील हुन्छन्। उनीहरु रोजगारी र राम्रो शिक्षाको अवसरको खोजीमा बसाइँ सर्ने गर्छन्। वैवाहिक सम्बन्धले महिलाहरूलाई बसाइँसराइ गराउँछ।

४) बसाइँसराइ मानवीय प्रवृत्ति हो। मानिसहरू नयाँ ठाउँमा अन्धाधुन्ध बसाइँ सर्दैनन्। उनीहरु प्रायः नातेदार साथी र इष्टमित्रको सम्पर्कले बसाइँ सर्ने गर्छन्। वर्तमान समयमा

CamScanner

प्रविधिको विकास, विश्वव्यापीकरण, साथीहरूसँगको
यातायात, सूचना तथा सञ्चार प्रविधिको विकास, विश्वव्यापीकरण, साथीहरूसँगको सम्पर्क, सामाजिक सञ्जाल आदिको सम्पर्कले पनि बसाइँसराइ भइरहेको छ। त्यसैले बसाइँसराइ एक शृङ्खला वा सञ्जालको रूपमा हुन्छ।

५) बसाइँसराइको सहरी क्षेत्रमा रोजगारी पाउने सम्भावनासँग प्रत्यक्ष रूपले सम्बन्ध रहेको हुन्छ भने सहरी बेरोजगारी दर र वैकल्पिक अवसरसँग यसको उल्टो सम्बन्ध हुन्छ। सहरी र ग्रामीण क्षेत्रबिचको आर्थिक अवसरको असन्तुलन नै बसाइँसराइको प्रमुख कारक तत्त्व हो।

छ.) ~~विश्व~~ विश्वव्यापी बसाइँसराइको प्रवृत्तिको विवेचना गर्नुहोस्।

→ विश्वव्यापी बसाइँसराइ भन्नाले मानिसहरू एक देशबाट अर्को देश वा एक क्षेत्रबाट अर्को क्षेत्रमा स्थायी वा अस्थायी रूपमा बसाइँ सर्ने प्रक्रिया हो। आजको विश्वमा प्रविधिको विकास, यातायातको सुविधा र विश्वव्यापीकरणका कारण बसाइँसराइको दर बढ्दो छ। यसको मुख्य प्रवृत्तिहरू (→ trend) यसप्रकार छन्:

१.) आर्थिक अवसरतर्फ आकर्षण:
रोजगारी, राम्रो तलब र उच्च जीवनस्तरको खोजीमा मानिसहरू विकासोन्मुख देशबाट विकसित देशतर्फ सर्ने प्रवृत्ति बढेको छ। उदाहरणका रूपमा नेपालबाट धेरै कामदारहरू Qatar, Malaysia जस्ता देशहरूमा गएका छन्।

२.) ग्रामीणदेखि सहरी क्षेत्रतर्फ बसाइँसराइ:
विश्वभर गाउँबाट सहरतर्फ बसाइँ सर्ने क्रम तीव्र भएको छ। शिक्षा, स्वास्थ्य, रोजगार र आधुनिक सुविधाहरू सहरमा केन्द्रित भएकाले सहरीकरण बढ्दो छ।

३) शिक्षाका लागि अन्तर्राष्ट्रिय बसाइँसराइ:
उच्च शिक्षा र गुणस्तरीय अध्ययनको लागि विद्यार्थीहरू विदेश जाने प्रवृत्ति बढेको छ। धेरै विद्यार्थीहरू United States, Australia जस्ता देशहरूमा अध्ययन गर्न गइरहेका छन्।

४) द्वन्द्व र राजनीतिक अस्थिरता:
युद्ध, आन्तरिक द्वन्द्व र राजनीतिक अस्थिरताका कारण पनि मानिसहरू सुरक्षित स्थानतर्फ सर्ने गर्छन्।

५.) जलवायु परिवर्तनको प्रभाव:
जलवायु परिवर्तन, बाढी, सुख्खा, आँधी, समुद्री सतह वृद्धि जस्ता कारणले मानिसहरू स्थानान्तरण हुन बाध्य भइरहेका छन्। यसलाई हाल 'जलवायु बसाइँसराइ' भनेर चिनिन्छ।

# (६) बसाइँसराइको प्रवृत्ति

## अभ्यास

क) नेपालमा बसाइँसराइको ऐतिहासिक पृष्ठभूमि उल्लेख गर्नुहोस्।

→ नेपालमा आन्तरिक बसाइँसराइ प्रागैतिहासिक कालदेखि हुँदै आएको छ। त्यो समयमा जनसङ्ख्याको ठूलो हिस्सा राज्य विस्तार, रोजगारीका अवसर खोज्दै बसाइँसराइ गरेको पाइन्छ। नेपालमा एकीकरणदेखि अठारौँ शताब्दीको प्रारम्भिक काललाई आन्तरिक बसाइँसराइको पहिलो चरण मानिन्छ। राज्य विस्तारसँगै अनिवार्य श्रम र जीविकाको खोजीमा मानिसहरू विभिन्न दिशामा बसाइँ सर्न थाले। नेपालमा सन् १९५० को मध्यबाट राप्ती उपत्यकामा पुनर्वास कार्यक्रम लागु भएपछि आन्तरिक बसाइँसराइको दोस्रो चरण सुरु भएको देखिन्छ। आन्तरिक बसाइँसराइको तेस्रो चरण देशको सामाजिक आर्थिक रूपान्तरणसँगै देखा पर्छ। सन् १९५० मा प्रजातन्त्रको आगमनपछि देशमा योजनाबद्ध आर्थिक विकास सुरु भयो। यसले देशका विभिन्न क्षेत्र जस्तै यातायात, कृषि, स्वास्थ्य, शिक्षा र औद्योगिक विकासमा लगानी गर्न थाल्यो। देशको योजनाबद्ध विकास प्रक्रियाको थालनीसँगै मानिसहरू गाउँबाट सहरमा बसाइँ सर्न थाले। विशेष गरी पूर्वाधार र आर्थिक अवसर भएका ठाउँमा आन्तरिक बसाइँसराइ तीव्र गतिमा भयो। सहरमा रोजगारीका अवसरहरूले गाउँबाट सहरी क्षेत्रमा ~~बसाइँसर~~ बसाइँसराइ हुन थाल्यो। यसले पहाडबाट तराई क्षेत्रमा हुने बसाइँसराइको दिशा सहरतर्फ केन्द्रित भएको देखिन्छ।

ख.) नेपालमा आन्तरिक बसाइँसराइको धार उल्लेख गर्नुहोस्।

→ नेपालमा आन्तरिक बसाइँसराइको धार:

१) पहाड → तराई
उर्वर भूमि, कृषि अवसर र बसोबासको सुविधाका कारण पहाडबाट तराईतर्फ बसाइँसराइ।

२) पहाड → शहर
शिक्षा, रोजगारी र स्वास्थ्य सेवाको खोजीमा।

३) गाउँ → शहर
रोजगारी, व्यापार, उच्च शिक्षा र सुविधा प्राप्तिका लागि।

४) गाउँ → गाउँ
जमिन, विवाहका कारणले एक गाउँबाट अर्को गाउँमा

५) तराई → शहर (औद्योगिक क्षेत्र र व्यापारिक केन्द्रतर्फ आकर्षणका कारण)।

६) शहर → शहर (सरकारी जागिर, व्यापार विस्तार र राम्रो अवसरका लागि)

CamScanner

ग.) नेपालमा आन्तरिक बसाइँसराइका कारणहरूको समीक्षा गर्नुहोस।

→ आन्तरिक बसाइँसराइ भन्नाले एक स्थानबाट अर्को स्थानमा देशभित्रै बसाइ सर्ने प्रक्रिया हो। नेपालमा विशेष गरी पहाड र हिमालबाट तराई तथा सहर क्षेत्रतर्फ बसाइँसराइ हुने प्रवृत्ति बढी देखिन्छ। यसको मुख्य कारण आर्थिक अवसरको खोजी हो। रोजगारीको अभाव, कम आम्दानी, गरिबी र कृषि उत्पादनमा कमीका कारण मानिसहरू राम्रो रोजगारी र आयको खोजीमा सहरतर्फ बसाइ सर्छन। विशेष गरी काठमाडौं जस्ता सहरमा रोजगार, शिक्षा र स्वास्थ्य सुविधा राम्रो भएकाले आकर्षण बढेको छ। साथै गुणस्तरीय शिक्षा, अस्पताल, यातायात, सञ्चार, विद्युत जस्ता आधारभूत सुविधाको उपलब्धता, प्राकृतिक विपद (बाढी, पहिरो) तथा विकासका कार्यक्रमहरू पनि आन्तरिक बसाइँसराइका महत्वपूर्ण कारणहरू हुन्।

## (10) (सुरक्षित एवम् मर्यादित आप्रवासन)

→ आफ्नो जन्मस्थान छोडेर अर्को स्थान वा देशमा सर्ने प्रक्रिया।

क) आप्रवासी कामदारले भोग्नुपर्ने मुख्य समस्या र चुनौतीहरू उल्लेख गर्नुहोस।

→ आप्रवासी कामदारले विदेशमा वा आफ्नो देशभित्र काम गर्दा विभिन्न समस्या र चुनौतीहरूको सामना गर्नुपर्छ। मुख्य समस्या र चुनौतीहरू यस प्रकार छन्:

- भाषा र संस्कृतिको भिन्नताका कारण सामाजिक कठिनाइ,
- कानुनी अधिकारको अभाव र शोषणको जोखिम,
- न्यून मजदुरी र समयमै पारिश्रमिक नपाउनु,
- कठिन काम र असुरक्षित वातावरणका कारण स्वास्थ्य समस्या,
- परिवार र सामाजिक सम्बन्ध कमजोर हुनु।

ख) सुरक्षित आप्रवासनका लागि व्यक्तिले के के सुरक्षात्मक उपायहरू अवलम्बन गर्नुपर्छ, लेख्नुहोस।

→ सुरक्षित आप्रवासनका लागि व्यक्तिले अवलम्बन गर्नुपर्ने सुरक्षात्मक उपायहरू:

- वैध पासपोर्ट र भिसा सुनिश्चित (fixed) गरेर मात्र विदेश जानुपर्छ।
- काम गर्ने देशको कानुनी अधिकार र नियमबारे जानकारी लिनुपर्छ।
- व्यक्तिगत सुरक्षा र स्वास्थ्यको ख्याल राख्दै असुरक्षित काम र स्थानबाट टाढा रहनुपर्छ।



2025 — HDI → 0.622
145th Rank

- श्रम सम्झौता भएको देशमा मात्र जानुपर्छ।
- आफ्नो नजिकको दूतावास वा स्थानीय सहयोग संस्थासँग सम्पर्कमा रहनुपर्छ।

ग.) सुरक्षित आप्रवासनका लागि राज्यले अवलम्बन गरेका नीतिहरूको समीक्षा गर्नुहोस।

→ नेपाल सरकारले सुरक्षित आप्रवासन सुनिश्चित गर्न विभिन्न नीतिहरू अवलम्बन गरेको छ। परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय, वैदेशिक रोजगार न्यायाधिकरण, वैदेशिक रोजगार बोर्डलगायतका निकायहरूले यो क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन धेरै प्रयत्न गरिरहेका छन्। नेपालको वैदेशिक रोजगार नीतिले पनि आप्रवासीहरूको सेवा, सुविधा, कार्यस्थलमा हुने सुरक्षा र हक अधिकारको सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ। राष्ट्रिय रोजगार नीति २०७२, श्रम ऐन, २०७४, सामाजिक सुरक्षा ऐन, २०७४, वैदेशिक रोजगार ऐन र नियमावली, (सुरक्षित आप्रवासन सेवा केन्द्र जस्ता संस्थाले पनि सुरक्षित आप्रवासनलाई सहयोग गर्दछन्। नेपाल सरकारले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन यस्ता नीतिहरू जोड दिएको छ।)
र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जस्ता प्रमुख नीति तथा कानुनको तर्जुमा गर्न सहकार्य गर्दै आएको छ।

घ) सुरक्षित आप्रवासन भनेको के हो?

→ सुरक्षित आप्रवासन भन्नाले आप्रवासी कामदारहरूको आप्रवासन प्रक्रियाका सबै चरणहरू (जस्तै: उत्पत्ति, स्रोत वा मूल, गन्तव्य देशहरूमा आइपर्ने सम्भावित जोखिमबाट सुरक्षित रहने क्षमता) लाई बुझाउँछ। यसमा सुरक्षित आप्रवासनमा जोडिएका कानुनी पक्ष, मर्यादित काम, बस्ने व्यवस्था, स्वास्थ्य, सूचना तथा सञ्चार सेवामा पहुँच आदि पर्छन्।

ङ) सुरक्षित आप्रवासनका लागि नेपालमा गरिएका विभिन्न प्रयासहरूको विवरण तयार पार्नुहोस।

→ सुरक्षित आप्रवासनका लागि नेपालमा विभिन्न प्रयासहरू अघि बढेका छन्। नेपाल सरकारले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन र वैदेशिक रोजगारबाट आर्जित सिप, प्रविधि र पुँजीको उपयोगबाट आन्तरिक रोजगारी प्रवर्धन गर्नेतर्फ पनि जोड दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहबाट सुरक्षित श्रम आप्रवासनका लागि सूचनाको

प्रचारप्रसार, तथ्याङ्क सङ्कलन, सिपमूलक तालिम, वित्तीय साक्षरता र सामाजिक तथा आर्थिक पुनःएकीकरणका कार्यक्रमहरू गर्नुपर्ने प्रावधान राखेको छ। नेपाल सरकारले वैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवारका अधिकारको सवाललाई प्रमुख प्राथमिकतामा राखेर विभिन्न निकायमार्फत कार्यसम्पादन गर्दै आइरहेको छ। परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय, वैदेशिक रोजगार बोर्डलगायतका निकायहरूले यो क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन धेरै प्रयत्न गरिरहेका छन्। नेपालको वैदेशिक रोजगार नीतिले पनि आप्रवासीहरूको सेवा, सुविधा, कार्यस्थलमा हुने सुरक्षा र अधिकारको सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ। राष्ट्रिय रोजगार नीति २०७२, श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जस्ता प्रमुख नीति तथा कानुनको तर्जुमा गर्न सहकार्य गर्दै आएको छ। सुरक्षित आप्रवासन सेवा केन्द्र जस्ता निकायले सुरक्षित आप्रवासनलाई सहयोग गर्दै आएका छन्। यसरी सुरक्षित आप्रवासनका लागि नेपालमा विभिन्न प्रयासहरू भएका छन्। साथै नेपालले ११० देशसँग वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिको साझेदारी पत्र पाएको छ।

ङ) सुरक्षित आप्रवासनका लागि विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाले गरेका योगदानको चर्चा गर्नुहोस्।

→ सुरक्षित आप्रवासनका लागि विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाले विभिन्न प्रयासहरू गरेका छन्। अन्तर्राष्ट्रिय सङ्गठन (२०१३), नागरिक समाज र विभिन्न परियोजनाहरूले आप्रवासी श्रमिकहरूले भोग्नुपरेका समस्याहरू माथि छलफल, बहस गर्दै आएका छन्। उनीहरूको अभियानले एन्टिट्राफिकिङ कार्यक्रम विकसित भयो। यो कार्यक्रमको मुख्य उद्देश्य आप्रवासी श्रमिकहरूको उत्पत्ति स्थल, गन्तव्य देशहरूमा आइपर्ने सम्भावित जोखिमहरूको व्यवस्थापन र सुरक्षित एवम् मर्यादित आप्रवासनमा सहयोग गर्नु रहेको छ। संयुक्त राष्ट्र सङ्घको महासभाले १९९० मा आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूका अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पारित गरेको थियो। यो महासन्धिले सामाजिक तथा सांस्कृतिक अधिकारहरू, नागरिक र राजनीतिक अधिकार, जातीय समानता, महिला अधिकार र बाल अधिकार आदिलाई विशेष रूपले ध्यान दिएको छ। यस महासन्धिले अन्तर्राष्ट्रिय श्रम सङ्गठनका आप्रवासनसम्बन्धी महासन्धिहरूलाई ध्यानमा राखेको छ। यस महासन्धिले यसले कामदारहरू बिच राष्ट्रियताका आधारमा भेदभाव नगरिने अधिकारलाई सुनिश्चित गर्दै आप्रवासी कामदारहरूका मानव अधिकारहरूलाई मान्यता दिई त्यस्ता अधिकारहरूको संरक्षण गर्ने दायित्व त्यस महासन्धिका पक्ष राष्ट्रहरूलाई तोकेको छ। यसरी सुरक्षित आप्रवासनका लागि विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाले विभिन्न योगदान दिएका छन्।

## ८) बसाइँसराइको प्रभाव

क) बसाइँसराइले पार्ने आर्थिक प्रभावहरूको सूची तयार पार्नुहोस्।

→ बसाइँसराइले पार्ने आर्थिक प्रभावहरू :

- अन्तर्राष्ट्रिय बसाइँसराइले विप्रेषण प्राप्ति हुन्छ।
- बसाइँ सर्ने व्यक्तिहरू आगम स्थलमा फर्कदा नयाँ ज्ञान, प्रविधि र वस्तुहरू भित्रिन्छन्। यसले परिवारको जीवनस्तरमा सुधार ल्याउन मद्दत गर्छ।
- लगानीको वातावरण सिर्जना हुन्छ।
- आन्तरिक बसाइँसराइले गन्तव्य स्थानमा आर्थिक असमानता बढाउँदै जान्छ। यसको प्रभाव शिक्षा र स्वास्थ्य क्षेत्रमा पर्दछ।

ख) बसाइँसराइले आर्थिक सामाजिक उन्नयन मात्र नगरी सामाजिक विकृत समेत बढाएको छ भन्ने पक्षमा आफ्ना विचारहरू प्रस्तुत गर्नुहोस्।

→ बसाइँसराइले आर्थिक सामाजिक उन्नयन (उन्नति) मात्र नगरी सामाजिक विकृति समेत बढाएको छ। बसाइँसराइले संयुक्त परिवार प्रणालीलाई कमजोर बनाउँछ। सहरका विभिन्न जाति र क्षेत्रका मानिसहरूसँग बसाइँ सर्नेको आपसी सम्बन्धले नयाँ मूल्यमान्यताको विकास गराउँछ भने पुराना मूल्यमान्यतालाई बिस्तारै परिवर्तन गर्दै जान्छन्। साथै बसाइँसराइले सामाजिक सम्बन्ध कमजोर बनाउँछ। गाउँका युवा राम्रो रोजगार, शिक्षाका खोजीमा बसाइँ सर्दा गाउँका जमिन बाँझा रहने, गाउँमा जनशक्तिको अभाव रहने आदि हुन्छ। यसले आर्थिक असमानतासमेत बढाउँछ। बसाइँसराइले गन्तव्य स्थानमा अशान्ति, हेहल्ला, भिडभाव र विकृति उत्पन्न हुन्छ। समाजमा छाडापन हुँदै जान्छ, मानिसले आफ्नो मौलिक पहिचान र संस्कृति गुमाउँदै जान्छ।

ग.) बसाईंसराइका सांस्कृतिक प्रभावहरूको समीक्षा गर्नुहोस्।

⇒ बसाईंसराइले गन्तव्य (गरेको) स्थानमा आप्रवासीलाई भाषिक, सांस्कृतिक र सामाजिक समायोजनमा कठिनाइ हुन्छ। सहर र गाउँबिचको भिन्नताको प्रभाव विस्तारै संस्कृतिमा पनि पर्दै जान्छ। विदेशी रहनसहनको नक्कल बढ्दै जान्छ। मौलिक संस्कृतिमा विचलन हुन्छ। (यसको सकारात्मक प्रभाव) सांस्कृतिक आदानप्रदान बढी हुन्छ (बहुसंस्कृतिकता)। यसरी बसाईंसराइले सांस्कृतिक प्रभाव पार्छ।